परिशिष्ट-१

(दफा-३ सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

फिक्कल, इलाम

**करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९।०८।१९)

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि सेवा शाखाको आ.व.०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार किसान सुचिकरण कार्यक्रम सञ्चालन गर्न सूर्योदय नगरपालिकाको मिति २०७९/०८/१६ गतेको ८औं बैठक (०७९/८०) को निर्णय नं. ४ बाट वडा नं. १० र ११ छनौट गरी किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम देहायमा उल्लिखित पदपुर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मिति (२०७९।०८।१९)ले पन्ध्र (१५) दिनभित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कृ.से.०२/०७९/०८० | किसान सूचीकरण सहजकर्ता | ८ | |

क) **आवेदनको दस्तुर :** रु. ५०।– **परीक्षा दस्तुरः** रु. ५००।-

ख) **न्यूनतम योग्यता :** कम्तिमा १२ कक्षा वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको। (कृषि विषय अध्ययन गरेको, सम्बन्धित वडाका स्थायी वासिन्दा, स्मार्टफोन, ट्याबलेट वा ल्यापटप साथमा भएको, इन्टरनेट चलाउन सक्ने र इमेल ID भएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।)

ग) **छनौटको किसिम :** किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार हुनेछ।

घ) **मासिक तलब :** किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार हुनेछ।

ङ) **दरखास्त दिने स्थान :** सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम।

च) **दरखास्त दिने अन्तिम मिति :** २०७९/०९/०५ गते

छ) **सम्पर्क मिति :** २०७९/०९/०६ गते।

ज) **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ।

झ) **आवेदन साथ संलग्न कागजातहरू :** राजश्व तिरेको रसिद सहित आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू :

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- योग्यता र अनुभवको प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो
- विवाहित महिलाको हकमा विवाह दर्ता अनिवार्य

ञ) **सेवा सुविधा :** सूर्योदय नगरपालिकाको करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

ट) **उमेरको हद :** पुरुषको हकमा (१८-३५ वर्ष) र महिलाको हकमा (१८-४० वर्ष) उमेर समुहले आवेदन दिन सक्नुहुनेछ।

ठ) आवेदनको ढाँचा लगायत अन्य जानकारीका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला वा सूर्योदय नगरपालिकाको फेसबुक पेजमा वा कार्यालयको ईमेल ठेगाना suryodayamun@gmail.com वा plan.smun@gmail.com वा फोन नं. ०२७-५४०२१४, ५४०४७३ मा सम्पर्क राख्नुहोला वा वेवसाइट www.suryodayamun.gov.np मा हेर्नुहोला। साथै अन्य थप जानकारीका लागि कृषि मन्त्रालयको वेबसाइट www.moald.gov.np मा "किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" हेर्नुहुन अनुरोध छ।

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम २०७३

०७९।०८।१९
... भट्टराई
... अधिकृत